# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं: २०७९/८० ओखलढुङ्गा (१ नं. प्रदेश), नेपाल


**सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना !**

(प्रथम पटक प्रकाशित मितिः २०७९।०८।१९)

सिद्धिचरण नगरपालिकाको लागि तपशिलको पदहरूमा देहायको संख्या र योग्यता भएको कर्मचारी राख्नु पर्ने भएकोले योगयता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, कार्यविवरण, सेवा सर्तहरु, पारिश्रमिक सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेवसाइट www.siddhicharanmun.gov.np वा यस कार्यालयबाट बाट उपलब्ध हुनेछ ।

**शैक्षिक योग्यता र अनुभव :**

| विज्ञापन नम्बर | पद/तह | न्यूनतम शैक्षिक योग्यता | आवश्यक संख्या | दस्तुर |
|---|---|---|---|---|
| ०२।०७९।०८० | पशु चिकित्सक (अधिकृतस्तर छैठौं) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह (B.V.Sc. &A.H./B.V.Sc.) उत्तीर्ण गरेको र परिषदमा दर्ता भएको, | १ (एक) | रु.१०००।- |
| ०३।०७९।०८० | कृषि स्नातक (अधिकृतस्तर छैठौं) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह (BSc.Ag.) उत्तीर्ण गरेको, | १ (एक) | रु.१०००।- |
| ०४।०७९।०८० | सव ईन्जिनियर (सहायकस्तर पाचौं) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | १ (एक) | रु.४००।- |

**आवेदनमा संलग्न गर्नुपर्ने कागजातहरुः** पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

क) उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, ख)परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपि (पशु चिकित्सकको हकमा)

ग) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, घ)२ प्रति पासपोर्ट साईजको फोटो ।

ङ) अनुभव वा तालिम लिएको भए सो को प्रमाणित प्रतिलिपि ।

**थप जानकारीः**

१. **छनौट विधि :** लिखित परिक्षा एवं अन्तरवार्ता ।

२. **लिखित परिक्षा हुने मिति, स्थान र समय :** दरखास्त दिने अन्तिम मितिमा प्रकाशन गरिनेछ ।

३. **दरखास्त फारम :** नगरपालिकाको कार्यालय तथा वेवसाइटमा उपलब्ध हुनेछ ।

४. **दरखास्त दिने अन्तिम मिति :**२०७९।०९।०४ गते कार्यालय समयभित्र सो दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलि-पल्ट सम्म हुनेछ ।

५. **दरखास्त दिने स्थान :** सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय,ओखलढुंगा ।

६. **उम्मेदवारको उमेरको हद :** मिति २०७९।०८।१९ गतेसम्म कृषि स्नातक र पशु चिकित्सकको हकमा २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको तथा सव ईन्जिनियरको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र तीन वटै पदको लागि महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

७. **तलव :** कृषि प्राविधिक र पशु चिकित्सकको हकमा नेपाल सरकार स्थानीय तहको अधिकृतस्तर छैठौं वा सो सरहलाई तोकिएको सुरू तलव स्केल र सव -ईन्जिनियरको हकमा स्थानीय तहको सहायकस्तर पाचौं तह वा सो सरह बराबर ।

**यस विषयमा थप जानकारीको लागि प्रशासन शाखा, ९८५२८४३३३३ मा सम्पर्क गर्न सकिनेछ ।**

प्रमुख प्रशासकीय अधिकृत